# मकालु गाउँपालिका

**Makalu Rural Municipality**

**गाउँकार्यपालिको कार्यालय**

**Office Of Rural Municipal Executive**

(सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा)

पत्र संख्या : २०७९/०८०
**Ref No : 2079/080**
चलानी नं.: 9620

नुम, संखुवासभा
**Num, Sankhuwasabha**
कोशी प्रदेश, नेपाल
**Koshi Province, Nepal**

मितिः २०८०/०३/३१

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सुचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) को उपनियम (१) बमोजिम प्रत्येक आर्थिक वर्षमा भत्ता प्राप्त गर्नको लागि आगामी आ. व. २०८०/०८१ मा पनि नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु स्वयं उपस्थित भई वडा कार्यालयमा निवेदन दिई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा (४) बमोजिम सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था भए अनुसार २०८० साउन १ गतेबाट २०८० भाद्र मसान्त भित्रमा परिचयपत्र नविकरण गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**नविकरणको लागि आवश्यक कागजातहरु:**

१) अनुसुची २ बमोजिमको निवेदन पत्र, (वडा कार्यालयमा उपलब्ध हुने)
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३) बसाई सरी आएको भए सोको प्रतिलिपि,
४) पासपोर्ट साईजको फोटो दुई प्रति,
५) सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि,
६) विधवा भएमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,
७) विधवाको हकमा अर्को विवाह नगरेको प्रमाणित कागजातको प्रतिलिपि,
८) अपाङ्गता भएमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
९) बैंङ्क खाता नं. र नाम स्पष्ट देखिने गरिको चेकको प्रतिलिपि,
१०)बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
११) कोही लाभग्राही बिरामी भई अस्पतालमा रहेको भएमा अस्पतालमा भर्ना भएको कागज र निजको संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

**पुनश्चः-** कुनै पनि कारणले तोकिएको समय भित्र नविकरण नभएमा निजहरुको सामाजिक सुरक्षा भत्ता एम. आई. एस. प्रणालीबाट स्वतः लगत कट्टा हुने भएकोले सोही अनुसार जिम्मेवार हुन सबै वडा कार्यालय तथा लाभग्राहीहरुमा अनुरोध छ ।

२०८०/३/३१

कोषराज नेपाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री वडा अध्यक्ष ज्युहरु सबै- जानकारीको लागि ।
श्री वडा कार्यालय सबै- आवश्यक कार्यार्थ ।
श्री सुचना प्रविधि अधिकृत- सुचना वेवसाइटमा अपलोड गरिदिनु हुन ।